**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**विकास साझेदारहरुसंगको बैठकमा**
## संघीय मामिला तथा स्थानीय विकास राज्य मन्त्रीज्यूको सम्वोधन
**१९ असोज २०७३**

**माननीय मन्त्रीज्यू, सचिवज्यू, महामहिम राजदुतहरु, विकास नियोग प्रमुख तथा प्रतिनिधिहरु, संयुक्त राष्टसंघीय विकास कार्यक्रमका प्रतिनिधिहरु, मन्त्रालयका सहसचिवज्यूहरु, महानिर्देशक, उपमहानिर्देशकज्यूहरु, राष्टिय योजना आयोग तथा अर्थ मन्त्रालयका प्रतिनिधिहरु, कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरु तथा पत्रकार मित्रहरु,**

१. सर्वप्रथमतः म, हाम्रो निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा उपस्थित हुनु भएकोमा यहाँहरुको हार्दिक स्वागत गर्दछु र धन्यवाद ज्ञापन गर्दछु। यस अवसरमा म, यहाँहरुले नेपालको समग्र विकासमा पुऱ्याउनुभएको योगदानको मुक्तकण्ठले प्रसंशा गर्न चाहन्छु।

२. संविधानको कार्यान्वयनमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने नेपाल सरकारको पहिलो प्राथमिकता रहेको सन्दर्भमा स्थानीय शासनको सुदृढीकरण, भूकम्प पछिको पुनर्निर्माण तथा भूकम्प पिडितलाई सहायता प्रदान गर्ने, स्थानीय तहबाट जनतालाई प्रभावकारी सेवा प्रवाह र जवाफदेही स्थानीय शासन र नागरिक सशक्तिकरणमार्फत देशमा दीगो शान्ति तथा समृद्धि हासिल गर्न विकास साझेदार निकायहरुको निरन्तरको सहयोग तथा सहकार्यप्रति पनि आभार व्यक्त गर्दछु।

३. संविधानको मर्म र भावना वमोजिम संघीयता कार्यान्वयनको पहिलो खुडकिलोको रुपमा आवश्यक र उपयुक्त वातावरण वनाई २०७३ सालभित्रै डेढ दशकदेखि अवरुद्ध स्थानीय तहको निर्वाचन सम्पन्न गर्नु रहेको छ। यसबाट स्थानीय तहमा संविधानबाट प्रदत्त अधिकारको प्रयोगमा नागरिकको समावेशी सहभागिता र पहुँच अभिबृद्धि भई स्वशासनको अभ्यास गर्ने पर्याप्त अवसर सिर्जना हुने विश्वास हामीले लिएका छौं।

४. जनताको बृहत्तर हित र प्रदान गरिने सेवा सुविधालाई केन्द्रविन्दुमा राखि तहगत सरकारबाट संविधानप्रदत्त अधिकारक्षेको प्रभावकारी सम्पादन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्यात्मक र समन्वयात्मक अन्तरसम्वन्ध कायम गर्न तद्नुकुलको संरचना, पद्धति र प्रक्रियाहरु विकास गर्नुपर्ने आवश्यकता रहेको छ। यस प्रक्रियामा नेपालको विशिष्ठ आवश्यकता, संघीयताका अनुभव तथा अभ्यासहरुबाट सिक्दै अगाडि बढ्नुपर्नेछ।

५. आगामी दिनमा संघीय ढाँचा अनुकुल स्थानीय तहलाई प्रदत्त कार्य, जिम्मेवारी र भूमिकाको कुशल र प्रभावकारीरुपमा सम्पादन गर्न तद्नुकुलको स्रोत साधनको व्यवस्था र संस्थागत क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ। संघीयतातर्फको सहज संक्रमणकालीन व्यवस्थापन गर्दै स्थानीय तहबाट छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह कार्यलाई सुनिश्चित गर्नुपर्नेछ।

६. अन्त्यमा, संविधानको कार्यान्वयन प्रक्रियालाई प्रमुख प्राथमिकतासाथ अगाडि बढाउदै स्थानीय तहको संख्या र सीमाना निर्धारणको काम निर्धारित समयभित्रै पूरा गर्ने, स्थानीय तहको निर्वाचन तथा सञ्चालनसँग सम्वन्धित कानुन निर्माण गर्ने तथा शीघ्र स्थानीय निर्वाचन सम्पन्न गरी स्थानीय शासनको संस्थागत सुदृढीकरण गर्ने प्रक्रियामा मित्रराष्ट्रहरु तथा विकास साझेदारहरुको निरन्तरको सहयोग र सहकार्यप्रति पुनः धन्यवाद व्यक्त गर्दछु। यस मौकामा हिन्दुहरुको आसन्न महान चाड वडा दशैं, दिपावली र छठको अवसरमा यहाँहरुलाई हार्दिक शुभकामना पनि व्यक्त गर्दछु।

धन्यवाद !!!